ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.
Double Blind Peer Reviewed Research Article

नेपालमा उपशास्त्रीय सङ्गीतको अवस्था

रमेश पोखरेल[#]*

[#] सह. प्रा. (सङ्गीत), ललितकला केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

*Corresponding Author: drrameshpokharel@gmail.com

Citation: पोखरेल, रमेश (सन् २०२४). नेपालमा उपशास्त्रीय सङ्गीतको अवस्था. *Journal of Fine Arts Campus*, 6(2). 8-20 . https://doi.org/10.3126/jfac.v6i2.84558

सारः

शुद्ध शास्त्रीय राग सङ्गीत र लोक-सुगम सङ्गीतको मिश्रणयुक्त गायन वादन विधा नै उपशास्त्रीय सङ्गीत हो । जब विशुद्ध खयाल अङ्गको राग गायन पक्षको सौन्दर्यात्मक सुमधुरता र सिर्जनशिलता अङ्गको मिश्रण अन्य लोक तथा सुगम सङ्गीतका धुनहरुमा गरिन्छ र दुवैको मिश्रितरुप आकर्षक ढङ्गले थोरै शब्द मार्फत विविधतायुक्त स्वर समुहहरुको सुन्दर संयोजन गरि प्रस्तुत गरिन्छ तब उपशास्त्रीय विधाको जन्म हुन्छ । यस किसिमको गायकी तथा वादकी सङ्गीतज्ञको सङ्गीत सम्बन्धी अपार ज्ञान, चिन्तन र सही तालीममा भरपर्छ । कसैले रागको कठोर नियम भित्र रहेर पनि यस विधाको प्रस्तुति गर्छन भने कतिपयले रागको शास्त्रीय नियममा लचिलोपन अपनाई सङ्गीत प्रस्तुति गर्छन् । प्रस्तुत आलेखमा नेपालमा उपशास्त्रीय विधाको विगत र वर्तमान अवस्था, विकासक्रम, यसको व्यावसायिकता, चुनौतीहरु, आगामी रणनीति लगायत यस विधामा भए गरिएका कार्यहरुको बारेमा समेत जानकारी उपलब्ध गराउने कोशिस गरिएको छ । प्राथमिक तथा द्धितियक स्रोत दुवैको यस आलेखमा प्रयोग गरिएको छ ।

शब्दकुञ्जीः शास्त्रीय, उपशास्त्रीय, राग, ठुमरी, टप्पा, होली, चैती, कजरी ।

विषय प्रवेशः

शास्त्रीय र सुगम सङ्गीतको सम्मिश्रण नै उपशास्त्रीय सङ्गीत हो अर्थात शास्त्रीय तथा सुगम सङ्गीतको सम्मिश्रण गरि गायन वादन गरिने सङ्गीत विधालाई पछिल्लो समय उपशास्त्रीय सङ्गीत भनिन्छ। नेपालमा यस गायकीको सुरुवात शास्त्रीय सङ्गीत गायन वादनको शुरुवात भएदेखि नै भइरहेको सहजै अनुमान लगाउन सकिन्छ । अझ शाह र राणाकालीन दरवारहरुमा छिमेकी मुलुक भारतबाट तत्कालीन समयमा बिशेषगरि बनारस, लखनउ आदि ठाउँबाट आएका र झिकाइएका सङ्गीतका ठुलठुला उस्ताद र पण्डितहरुको दरवारबाट सम्पूर्ण संरक्षकत्व प्रदान भएसँगै हुने जलसा, बैठकी, तालीम र उनीहरुलाइ प्रदान गरिने हौसला, बक्शिस र इनामहरुबाट शास्त्रीय तथा उपशास्त्रीय विधाको उच्चतम प्रयोग र विकास भएको मान्न सकिन्छ । मल्लकालीन समयमा शास्त्रीय सङ्गीतको राग गायन परम्परा विशुद्धरुपमा रहेपनि राणाकालीन समयमा उपशास्त्रीय विधाले समेत गहिरो जरा गाडेको सन्दर्भ तत्कालीन नेपाली सङ्गीतज्ञ र भारतीय सङ्गीतज्ञका ऐतिहासिक तथ्यले प्रतिविम्बित गर्छन् । कलकत्ता, दिल्ली, जयपुर, बनारस, लखनउ लगायतका अधिकांश शास्त्रीय सङ्गीतज्ञहरु तत्कालीन ब्रिटिश शासकहरुबाट भारतमा भएका अलग अलग राजशाहीहरुको समाप्तिसँगै जीविकोपार्जनको लागि शुद्ध शास्त्रीय रागगायन सँगसँगै लोक विधालाइ पनि व्यावसायिक प्रयोजनार्थ प्रस्तुतिमा सामेल गराउन शुरु गरिसकेका थिए । अतः शास्त्रीय गलाबाट जब सर्वसाधारणको मनोरञ्जनको लागि उनीहरुले लोकगीतको गायन प्रस्तुत गर्न थाले र कालान्तरमा उक्त शैलीनै उपशास्त्रीयको नामले चिनिन थाल्यो ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

उपशास्त्रीय विधालाइ प्रष्टसँग बुझ्दा, यस विधामा रागको कठोर नियममा केही लचकता समेत अपनाइन्छ र लोक तथा सुगम सङ्गीतका मिठासयुक्त स्वरसमुहहरुको बडो कारीगरी ढङ्गले किसिम किसिमले बोल बनावहरुद्धारा गायन प्रस्तुत गरिन्छ । विशेषगरि उपशास्त्रीय विधा अन्तर्गत टप्पा, ठुमरी, दादरा, होली, कजरी, चैती, गजल, भजन आदि पर्दछन् तर यसमा बुझ्नुपर्ने कुरा गायकको प्रस्तुतिको अन्दाज कस्तो छ ? उस्को गायकीले यस विधालाइ कत्तिको न्याय गरेको छ उक्त कुरा विचारणीय मानिन्छ ।अझ यसलाइ सजिलो गरि बुझ्दा, जब ठहरावका साथ बडाख्यालको मिजाजमा र अन्दाजमा गायन गरिन्छ त्यसलाई ठुमरी अन्दाज मानिन्छ र छोटाख्यालको अन्दाजमा गरिने गायकीलाइ दादरा अन्दाज भनि शास्त्रीय सङ्गीत क्षेत्रमा आम् रुपमा बुझाइ देखिन्छ । शास्त्रीय सङ्गीत भित्रका सङ्कीर्ण किसिमका विभिन्न सरल र सुवोध रागहरुको गायकी र सुगम सङ्गीत अन्तर्गतका लोक फिल्मी या अन्य लोकप्रिय गीत धुनहरुका विविध बारिकीलाई सम्मिश्रण गर्ने परम्पराबाट उपशास्त्रीय विधाको जन्म भएको मानिन्छ । उपशास्त्रीय सङ्गीतको सुरुवात र प्रचलन शास्त्रीय सङ्गीतलाइ पनि जनरुची अनुसारको बनाउने उद्धेश्यबाट गरिएको प्रष्ट हुन्छ । अर्को अर्थमा शास्त्रीय सङ्गीतज्ञहरुले जनरुचीलाइ मध्येनजर गर्दै आफ्नो प्रस्तुतिको अन्त्यमा जब लोक सङ्गीतलाइ समेत सामेल गरेर गायन, वादन प्रस्तुत गर्न थाले र गायकी र वादनमा शास्त्रीयता र लोक दुवैको सम्मिश्रण देखापर्न थाल्यो एउटा नविन उपशास्त्रीय विधाको जन्म भयो । मिठासपुर्ण खयाल अङ्गको आलापचारीयुक्त बोल बनावट, सिमित शब्द रचनाको अलग अलग अन्दाजको लालित्यपुर्ण भाव सम्प्रेषण अर्थात सौन्दर्य रस अनुसारको गायकी मार्फतको तालवद्ध अपार कल्पनाशिल-सदृश, अनुनय विनययुक्त श्रृँगारिक भाव भँङ्गी उपशास्त्रीय विधाका विशेषता हुन ।

कतिपय सङ्गीतज्ञहरुले आफ्नो गलाको तैयारीलाइ प्राथमिकतामा राखेर जब खयाल अङ्गको दानेदार तानको अन्दाजमा उपशास्त्रीय विधाको गायन गर्न सुरुवात गरे, कालान्तरमा सोही विधाले टप्पाको रुपमा पञ्जाव र दिल्ली भूखण्डतिर प्रसिद्धी पायो । १६ औं शताब्दीतिर भारतको हालको उत्तर प्रदेशमा भक्ति आन्दोलनको प्रभावसँगै ठुमरीको उद्भव र विकास हुँदै गएपछि यो विधा नृत्य परम्पराको अभिन्न अङ्ग बन्यो । ठुमरी ब्रजभाषाद्धारा उत्पन्न भएको मानिन्छ । यसलाई दुई अङ्गले गायन गरिन्छ पुरव (पुर्वी) अङ्ग र पञ्जाव अङ्ग । पुर्वी अङ्ग बनारस र लखनउमा प्रचलित छ भने पश्चिम अङ्ग दिल्ली र पञ्जावमा । नेपालको ठुमरी गायकी पुर्वी अङ्गबाट प्रभावित छ (दर्नाल, २०६१, पृ.२२) । कत्थक (नृत्यशैलीमा कथा भन्नु) नृत्यको ठुमक या ठुम्का लगाउने भाव भँङ्गी र लचकिँदै र बल्खाउँदै हिँड्ने चालसँगैको भावपूर्ण किसिमको विस्तारित आलापचारीयुक्त सुगम सङ्गीत भन्दा केही विलम्बित किसिमको गायकी नै उपशास्त्रीय विधाको ठुमरी गायकी हो । यसमा सँयोग र वियोग श्रृँगार, शान्त र करुण रसादीको अधिकतर प्रयोग गरिएका सरल सहज जनबोलीका शब्दहरुको विशेष गायन गरिन्छ । जब सोही गायकी केही द्रुत हिसावले गायन गरिन्छ र ठुमरी जसरी एक एक स्वर बढत नगरी मिठा मिठा स्वर समुहको प्रयोग गरि बोल बनाव गर्दै अझ सुगम सङ्गीतको हिसावले गायन गरिन्छ त्यही गायकी दादराको रुपले चिनिन्छ । दादरा गायकीलाइ कुनै तालको नामको रुपमा लिनु हुँदैन यो एउटा विशुद्ध उपशास्त्रीय गायन विधा हो ।

वर्षा ऋतुसँग सम्बन्धित शब्द र प्रकृतिलाइ गायकको भावसँग एकाकार गरि गाइने उपशास्त्रीय विधालाइ कजरी भनिन्छ, त्यस्तै होलीसँग सम्बन्धित शब्द र भावपूर्ण गायकी होलीको रुपमा चिनिन्छ भने बसन्त ऋतु अन्तर्गतको चैत्र महिनाको प्रकृति र भगवान श्रीरामको जन्मोत्सवसँग सम्बन्धित वर्णनयूक्त उपशास्त्रीय गायन विधालाइ चैतीको नामले चिनिन्छ जुन हाम्रो मिथिला, भोजपुरा, अवधी साँस्कृतिक परम्परा र काठमाण्डौ उपत्यकामा पनि यदाकदा उपरोक्त विधाहरुको गायकी पछिल्लो समय

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

सुन्न सकिन्छ । उपशास्त्रीय विधाहरुमा अधिकतर कहरवा, अद्धा, जत, दिपचन्दी तथा दादरा तालहरु प्रयोग गरिन्छ । सामान्य हिसावले बुझ्नको लागि हाम्रा नेपाली लोक कौडा चुट्का, र टप्पाहरु लय र छन्दको हिसावले गाउने जुन अन्दाज छ सोही अन्दाज र छन्दमा ठुमरी, दादरा, चैती र टप्पा गायन गरिन्छ, तर शास्त्रीय अन्दाजको छनकमा । लोक गायनमा जस्तो छ त्यस्तै हुबहु गायन गरिन्छ भने उपशास्त्रीयमा गायन गर्ने रचनालाइ अलग अलग अन्दाजमा विस्तारित हिसावले गाइन्छ र अन्तमा केही द्रुत हिसावले तालको छन्दमा शब्द बोल बनाउँदै लयमा भरपुर खेल्दै पुनः पहिलेको लयमा आई या द्रुत लयमै गायन, वादन समापन गरिन्छ । गजल, भजन लगायतका विधाहरुको गायकी पनि सुगम सङ्गीतको अन्दाज भन्दा पृथक रुपमा उपशास्त्रीय अन्दाजमा कतिपय सङ्गीतको उच्च ज्ञान भएका गायक गायिकाले र वादकले गर्दै आएको नेपालको परिप्रेक्षमा जगजाहेर नै छ ।

नेपालमा उत्तर भारतीय सङ्गीत पद्धतीको प्रभावः

नेपालमा उत्तर भारतिय सङ्गीत पद्धतिको समग्र प्रभावसँगै त्यहाँको गायन वादन, नृत्य शैलीको प्रभाव ऐतिहासिक कालखण्ड देखिनै पर्नु स्वभाविकै मानिन्छ यसको कारण खुला सिमाना, सामाजिक परिवेश साँस्कृतिक तथा धार्मिक मान्यता कतिपय समान हुनु हो । समग्रमा भन्नु पर्दा नेपाली सङ्गीतको केही मौलिक पक्षलाइ छोडेर समग्र शास्त्रीय, उपशास्त्रीय र सुगम सङ्गीतको गायनवादन पक्षमा दक्षिण एशियाली देशहरुको विशेष गरि उत्तरी भारतीय भूखण्डीय सङ्गीतको प्रभाव हुनु स्वाभाविक मानिन्छ र कतिपय उनीहरुमा पनि नेपाली सङ्गीतको प्रभाव बेस्सरी महशुस गर्न सकिन्छ । यो अवस्था हुनुको मुख्य कारण ऐतिहासिक कालखण्ड देखिनै राजनितिक, धार्मिक, शैक्षिक, साँस्कृतिक, सामाजिक र आर्थिक अन्तरघुलनको नेपाली समाज र भारतीय समाजको बनोट, समान सामाजिक र साँस्कृतिक आस्था तथा मान्यताहरु, समान पूर्वीय दर्शन र चिन्तन लगायतका विविध पक्षहरु सहितको समाजशास्त्रीय दृष्टिकोणलाई गहिरो आधार मान्न सकिन्छ । यस विषयसँग सम्बन्धित भएर अनुसन्धान गरिएका पुर्वकार्यहरु र साहित्यको गहिरो अध्ययन र समिक्षा गर्दा नेपालमा उपशास्त्रीय विधाको बारेमा यथेष्ट चर्चा गरिएका साहित्यहरु नगन्यरुपमा पाइए र शास्त्रीय सङ्गीतको बारेमा भने यथेष्टरुपमा जानकारी प्राप्त गर्न सकिन्छ । नेपालको लिखित इतिहास लिच्छविकालबाट सुरु भएको मानिन्छ र लिच्छवीकाललाई समग्र ललितकलाको स्वर्ण युग मानिन्छ । भरतको नाट्यशास्त्रमा बताएनुसारको नाट्य प्रयोजनार्थ सङ्गीतको प्रयोग मल्लकालमा व्यापकरुपमा भएको पाइन्छ । विशेषगरि मल्लकालमा काठमाण्डौ उपत्यकाभित्रका तीनवटै राज्यका राजाहरु स्वयम् शास्त्रीय, उपशास्त्रीय तथा अन्य प्रकारका सङ्गीतका ज्ञाता थिये । उनीहरु आफैं सङ्गीत सिर्जना गर्ने, विभिन्न डवली, जात्रा पर्व, साङ्गीतिक नाट्य मञ्चमा प्रस्तुतीकरण गर्ने र संस्कृत, नेवारी, मैथिली, लगायत भाषामा समेत सङ्गीत ग्रन्थहरु प्रकाशन गर्ने गर्दथे । यसबाटै अनुमान लगाउन सकिन्छ की त्यसबेलाका राजाहरुको यो अवस्था थियो भने जनस्तरमा पक्कै त्यस्को व्यापक प्रभाव थियो जुन आजपर्यन्त काठमाण्डौ उपत्यकाको विविध सांस्कृतिक सभ्यता र अभ्यासमा मल्लकालीन विविध प्रकारका सङ्गीतको छाप प्रष्ट देख्न सकिन्छ (रेग्मी, सन् २००३, पृ.१६२-१६६) ।

मैथिल साहित्यका महाकवि तथा प्रकाण्ड विद्धान विद्यापति (वि.सं १३६०-१४५०) को पनि मैथिल साहित्य, गीत, सङ्गीत तथा नाटक क्षेत्रमा उल्लेखनिय योगदान रहेको पाइन्छ । उनलाई चौधौं शताब्दीका प्रखर कवि तथा गायकको रुपमा पनि चिनिन्छ (मुकारुँग, २०७१, पृ.९७) । उनका अधिकांश सिर्जना उपशास्त्रीय सङ्गीतमा आधारित छन् जुन आजपर्यन्त जन जनमा गाइन्छन् ।

शाह तथा राणाकालीन दरवारमा उपशास्त्रीय गायन गर्ने गायक गायिकाको बारेमा भने विभिन्न उल्लेखहरु प्राप्त हुनुले पनि नेपालमा उपशास्त्रीय विधा शास्त्रीय सङ्गीत विधासँगसँगै अघि बढेको आधार

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.
Double Blind Peer Reviewed Research Article

प्राप्त हुन्छ (पोखरेल, सन् २०१९) । तत्कालीन दरबारमा गायन।वादन गर्ने कलाकारहरुको नामावलीबाटै उनीहरुको विद्धता शास्त्रीय सङ्गीतसँगसँगै उपशास्त्रीय सङ्गीतमा पनि थियो भन्न सकिन्छ किनकी उनीहरु अधिकांश बनारस र लखनउसँग सम्बन्धित थिए जुन ठाउँ आजपर्यन्त उपशास्त्रीय विधाको मजबुत गढ मानिन्छ । श्री ५ पृथ्वी वीरविक्रम शाहदेवको राज्यकालमा राणा प्रधानमन्त्री वीरशमशेरको दरबारमा र तत्कालीन अन्य दरबारमा पनि आएका धेरै सङ्गीतज्ञहरु र कलावन्तहरुमा प्रसिद्ध बनारस घरानाका ठुमरी गायक जगदीप मिश्र पनि थिए । शायद नेपालमा पहिलो पटक ठुमरीको परिचय र गायकी कस्तो हुन्छ भन्ने कुरा यिनैले परिचय दिएको हुनुपर्छ र यसभन्दा अघिदेखि पनि नेपालमा ठुमरी लगायत उपशास्त्रीय विधाको गायन हुँदै आएको विभिन्न तथ्यहरुबाट अनुमान लगाउन सकिन्छ (दर्नाल, २०६१) । वीरशमशेरको दरवारमा लक्ष्मणदास मिश्र जस्ता सङ्गीतज्ञ आश्रित थिए । उनले दरबारकी तालिमे केटी ठूली हँसीना, सानी हँसीना, सँग्रामसुर र अरु तीन तालिमे केटीहरुलाई टप्पा, खयाल र ठुमरीको विधिवत् तालीम दिएका थिए । ति कुशल गायिकाहरुको कला जनताले कहिल्यै सुन्न पाएनन् र दरबारकै चौघेरा पर्खालभित्र उनीहरुको कला सिमित भयो (दर्नाल, २०६१, पृ.२१) ।

अध्ययनको उद्धेश्यः

नेपालमा उपशास्त्रीय सङ्गीतको विगत र वर्तमान अवस्था के कस्तो छ ? यसको प्रस्तुतीकरण, व्यावसायिक र सिर्जनात्मक अवस्था के कस्तो र यो किन आबश्यक छ ? नेपाली समाजमा यस विधाको कमिक विकास कुन रुपमा भइरहेको छ ? यसका चुनौतीहरु, आगामी रणनीति आदि विषयवस्तु उपर वास्तविक जानकारी उपलब्ध गराउनु यस आलेखको मूल उदेश्य रहेको छ । यस अध्ययनबाट सङ्गीतका अध्येता तथा नितिनिर्माण तहमा रहनु भएका जोकोहीलाई पनि आवश्यक एकिकृत जानकारी मिल्ने छ र यसमा रहेका केही साङ्गीतिक विचारधारा अन्तर्गतका भ्रमहरुलाइ समेत चिर्ने कोसिस गरिएको छ । साथै नेपालको सन्दर्भमा यस विधाको व्यावसायिक उन्नयनको लागि गर्नुपर्ने आवश्यक पहलकदमीहरुको बारेमा पनि केही प्रकाश पारिएको छ ।

अध्ययन विधि :

प्रस्तुत आलेखमा, द्वितियक स्रोत र आवश्यक्तानुसार प्राथमिक स्रोत प्रयोग गरिएका छन् । पुर्व प्रकाशित स्रोत एवं जानकारीको विश्लेषणमा गुणात्मक दृष्टिकोण अपनाइनुका साथै प्राथमिक तथा द्धितिय स्रोतको आधारमा अभिलेखिकरणको हिसावले वर्णनात्मक रुपमा विश्लेषण गरिएको छ । अध्ययनको उद्धेश्यलाई सहयोग पुग्ने किसिमले प्रासङ्गिक पुस्तकहरू, लेखहरू, पत्रिकाहरू, वेबसाइटहरू, अनुसन्धान रिपोर्टहरू अध्ययनको स्रोतको रुपमा लिइएको छ ।

विगतको अवस्थाः

वि.सं. १९०३ मा जङ्ग बहादुरले आफ्नो अधिनस्थ शासन सत्ता हातमा लिएपछि भारतका शास्त्रीय एवं उपशास्त्रीय गायक, वादक र नर्तकहरुको सम्पर्क प्रभाव अझ बढ्न थाल्यो र राणा दरबारहरुमा प्रतिस्पर्धात्मक हिसाबले साङ्गीतिक गायन,वादन तथा नृत्य सुन्ने, हेर्ने र सिक्ने बानी बढ्दै गयो । श्री ३ जँगबहादुरको समयमै भारतको हालका उत्तर प्रदेश, बिहारबाट हुलका हुल उपशास्त्रीय र अन्य विधाका गायक, वादक र नर्तकहरु बिना रोकतोक झिकाईन्थे जस्लाई उस्ताद, कस्वी, वाई, छोक्डा, पातर, को नामले जानिन्थ्यो र ति मध्येकि, गँगी कस्वी शास्त्रीय तथा उपशास्त्रीय विधामा पोख्त थिइन् र अन्य भन्दा धेरै पारिश्रमिक-खान्की उनले पाउँथिन् (मुकारुँग २०७१, पृ.८३) । त्यसैगरि सबै कलाकारलाई दिइने पारिश्रमिक र खान्की पनि दरवारमा तोकिएको थियो (रेग्मी, सन् २००३, पृ.२०८) । सङ्गीतमा बौद्दिक कार्य समेत गर्ने राजेन्द्र वीरविक्रम शाहले नेवारीमा सङ्गीत-नाटक पुस्तक लेखेका थिए । श्री ५ सुरेन्द्र पनि एकदमै शास्त्रीय तथा उपशास्त्रीय सङ्गीतप्रेमी थिए । राजा सुरेन्द्रले

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.
Double Blind Peer Reviewed Research Article

काश्की जिल्लाको बाटुले चौरमा जन्मी भारत गइ बसेका शास्त्रीय सङ्गीताचार्य लक्ष्मण दास मिश्र जसको जन्म पोखराको बाटुले चौरमा भएको थियो र जो लामो समयदेखि भारतको विन्ध्याचल मन्दिरमा एकान्तमा सङ्गीत साधनारत थिये, उनलाइ झिकाई आफ्ना दरबारिया भाइ भारदार तथा तालिमे नानीहरुलाइ सङ्गीत शिक्षा दिने उद्धेश्यले आश्रय दिइ राखेका थिए । शास्त्रीय सङ्गीतज्ञ तानसेनका मामा पं. गदाधर मिश्रका पुत्र पं. हरिहर मिश्र काशीबाट नेपाल एकिकरण पुर्व नै नेपाल गई विद्धान सङ्गीतज्ञको रुपमा बसेका थिए । सङ्गीत साधनाको लागि पछि मुक्तिनाथ क्षेत्र मार्ग नजिक भएको पोखराको बाटुले चौरमा यिनको स्थायी बसोबास थियो (मिश्र, सन् २०१५)। उनका शिष्यहरुमा शास्त्रीय तथा उपशास्त्रीय सङ्गीतको उच्च दख्खल भएका ठूली हसिना, सानी हसिना, सँग्रामसूर आदि उल्लेखनीय छन । यहाँ शुरु गरिएको दोहोरो उद्वरण चिन्ह कहाँसम्म हो, देखिएन "भारतको बनारसबाट पृथ्वी वीरविक्रम शाहका पालामा धेरै शास्त्रीय सङ्गीतज्ञहरु नेपाल आइ यहीं बसोबास गर्न थालेका थिए जसमा अयोध्या प्रसाद मिश्र, उनका छोरा नानक प्रसाद मिश्र, (शास्त्रीय शैलीमा उनी खयाल र ठुमरी गायकीमा सिद्धहस्त थिए) (दर्नाल, २०३८ पृ.५) नाती झुम्मक प्रसाद मिश्र, पनाती शम्भु प्रसाद मिश्र र उनका परिवारका सदस्यहरु र तिनका कतिपय बाँकी पछिल्ला पिंढीहरु नेपालमै शास्त्रीय सङ्गीतमा अझै समर्पित छन् र यो परिवारको नेपालको शास्त्रीय सङ्गीतको श्रीवृद्धीमा ठूलो योगदान रहेको छ (रेग्मी,२०८०) । यिनै मिश्रहरुका परिवारजन र आफन्तजन आज बनारस घरानाको सँसारभर प्रतिनिधित्व गरिरहेका छन् जसको नेपाली शास्त्रीय सङ्गीतको श्रीवृद्धीमा ठुलो योगदान छ र यिनीहरुका अफन्तजनमा धेरै नेपालीहरुको विहेवारी नाता छ र उनीहरु हिन्दुस्तान कै दिग्गज कलाकारको रुपमा भारतिय सङ्गीतको अभिलेखमा र जनजनमा लोकप्रिय छन् । पं दिलाराम मिश्रको जन्म (नेपालको सिमाना नजिक सन् १४४५ मा गोण्डा, बलरामपुरमा) भएको थियो र नेपालको सङ्गीत क्षेत्रमा उल्लेख गरिने जति पनि मिश्रहरु छन ति सबै यिनकै वँशजमा आउँछन् । यिनका पुर्वज गोण्डा, बलरामपुरका वैष्णव मठाधिपति सङ्गीतज्ञ थिए र पछि मुस्लिमको आक्रमणमा परि उक्त स्थान छोडी बृन्दावन आई सङ्गीत प्रचारप्रसार गर्नथाले र पछि काशी बास गर्न थाले । अयोध्या प्रसाद मिश्रको छोरा नानक प्रसाद एवं रामदास मिश्रको छोरा शुकदेव महाराज (प्रख्यात शास्त्रीय, उपशास्त्रीय नृत्यकार सितारादेवी को पिता तथा प्रख्यात नृत्यकार गोपीकृष्णको हजुरवुवा) थिए । कलावन्त पं शिव सहाय मिश्र, पं रामसेवक मिश्र, पं पशुपति सेवक मिश्र, पं शिव सेवक मिश्र लगायत हाल भारत र नेपालमा छरिएर रहेका यिनका वंशजको नेपालमा उपशास्त्रीय विधाको पूर्वीय अङ्गको गायकी स्थापना गराउन ठुलो योगदान छ । नेपालका गायक रमेश पोखरेलले पनि यसै वंश परम्पराका भारतका सङ्गीतज्ञ पद्मश्री पं सुरेन्द्र मोहन मिश्रबाट उपशास्त्रीय सङ्गीतको विधिवत शिक्षा ग्रहण गरेका थिए (मिश्र, सन् २०१५, पृ.११०) ।

राणा प्रधानमन्त्री वीर शम्शेरले वि.सं. १९५६ साल पौष महिनामा सबैभन्दा ठूलो शास्त्रीय सङ्गीत सम्मेलन वीरगन्ज नजिकै बगेडी भन्ने ठाउँमा गराएका थिए जुन एक महिना सम्म चलेको थियो, जसमा कैयौंको संख्यामा भारत र नेपालका उच्च कोटीका संगीतज्ञहरुले भाग लिएका थिए (पोखरेल, सन् २०१९) जुन तस्वीर भारतको हाथरस बाट प्रकाशित **सङ्गीत विशारद** नामक पुस्तकमा हेर्न सकिन्छ (गर्ग-बसन्त, पृ. ४८०) । " बगेडीमा आयोजित त्यस सङ्गीत सम्मेलनले सङ्गीत सम्बन्धी निचोड निकाल्दै भातखण्डेको भन्दा फरक रागाङ्गमा आधारित भिन्न दश थाटको परिकल्पना गरेको थियो जस अनुसार कल्याण थाट, भैरव थाट, बिलाबल थाट, तोडी थाट, सारँग थाट, कान्हडा थाट, मल्हार थाट, कोष थाट, शाख थाट र श्री थाट आदि । वि.सं. १९५८ सालमा सङ्गीत प्रेमी वीर शमशेरको षडयन्त्रमूलक हत्या भएपछि यस सम्मेलनबाट तयार पारिएको ग्रन्थ प्रकाशमा आउन सकेन जुन कार्य अधुरै रह्यो " (आचार्य २०५४, पृ.१३५) । उनले धेरै भारतीय गायकलाइ नेपाल झिकाइ यहीं

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.
Double Blind Peer Reviewed Research Article

बस्ने व्यवस्था समेत् मिलाएका थिए जस् मध्येका उस्ताद ताज खाँले नेपालमै सम्पूर्ण जीवन व्यतित गरेका थिए जसको कब्रस्थान काठमाण्डौको स्वयम्भूनाथ छेउमा आजपर्यन्त रहेको र सोबारे लेखिएको छ । प्रधानमन्त्री श्री चन्द्र शमशेरको पालामा वि.सं. १९७३ सालमा भारत बडौदा बासी ए. एम. पठानले गोरखा गीत प्रकाश (पहिलो भाग) नामको सङ्गीतको नोटेशन समेत दिएर प्रकाशित गरेका थिए (तुलाधर २०३६ पृ.७५)। चन्द्र शमशेरको सिँह दरवारमा मेलवादेवी प्रख्यात गायिकाको रुपमा रहेको पाइन्छ । वीर शमशेर र चन्द्र शमशेरको शासनकाललाइ नेपालको शास्त्रीय तथा उपशास्त्रीय सङ्गीत इतिहासको स्वर्ण यूगको रुपमा लिइन्छ । प्रो.बाला प्रसाद त्यतीबेलाका धुरन्धर शास्त्रीय सङ्गीतका गुरु र उपशास्त्रीय विधाका पनि प्रसिद्ध कलाकार थिए । यिनी ध्रुपद, धमार, खयाल देखि लिएर ठुमरी, गजल, कव्वाली र टप्पामा समेत उनको ठुलो अधिकार थियो (दर्नाल, २०३८, पृ. १२) । चन्द्र शमशेरको दरवारमा यिनी मेलवा देवीका पनि सङ्गीत गुरु थिए, केही समय पं यज्ञराज शर्माले पनि यिनीबाट सङ्गीत शिक्षा ग्रहण गर्नुभएको थियो । त्यतिवेला दरवारमा धेरै भारतीय कलाकारहरुको दबदबा रहेको बेला राणा परिवार र राजा त्रिभुवनको नजरमा धेरै नेपाली कलाकारहरु पनि आफूलाइ नजानिदो तरिकाले शास्त्रीय तथा उपशास्त्रीय विधामा स्थापित गर्न थालीसकेका थिए । उनीहरु थिये उस्ताद आनन्द, उस्ताद उजीर, राम बहादुर तण्डुकार, उस्ताद साहिला, उस्ताद बद्री तण्डुकार, उ. नन्दलाल, उ. गणेशलाल, पं देव चन्द्र रेग्मी, एकराज शम्शेर, पूर्णचन्द्र रेग्मी, यज्ञराज शर्मा, कृष्ण चन्द्र रेग्मी, खुश्वु सुलभा-मेलवादेवी, चेतनाथ शर्मा, नारद आमा, उर्मिला कुमारी, श्रेष्ठ, उजेली मैयाँ, उस्ताद खेम चन्द, मिस चन्दादेवी, मास्टर जीतु सिंह, मिस तारा बाई, मिस दुलारी, मिस पारुलबाला, मिस प्रभा, भवानी चरण दास, सेतुराम श्रेष्ठ, हीराबाई, गंगा दत्त पराजुली, नरराज ढकाल, नानक मिश्र, झुम्मक मिश्र आदि (मुकारुँग, २०७१) ।

वि.सं २००७ साल अगाडीको राणाकालीन समय र सोको पेरिफेरीमा नेपालीहरुको जिब्रोमा झुण्डीएका केही उपशास्त्रीय सङ्गीतमा आधारित गीतहरुमा उस्ताद आनन्दको *सदा चञ्चल नजर पर्दा खरानी घस्न बाँकी भो,* उस्ताद खेमचन्द र हीराबाईको युगल गीत *चर्की गो मर्की गो मेरो नारी,* मिस चन्दा देवीले गाएको *मलाई कान्छी नखान देउ हरियो धनियाँ, यो पिरती लाउँला कसरी* मास्टर जीतु सिँहले गाएको*, तिम्रो सुन्दर कलिलो बैशमा,* मिस तारा बाईको *बनी योगी बसी बनमा भजन त रामको नाम,* मिस दुलारीको *आयो रमाइलो बसन्त महिना* मिस पारुलबालाको गजल *प्रेम अग्निमा परि* मिस प्रभाको गजल *किन छोड्छौ तिमी रस चाखी निठुरी,* उस्ताद बद्रीले गाएका ठुमरी, *एक चुम्बन एक खित्का १, मेरो बारीको मोल नदे २,* उनले गाएका गजल *अनाथ उपर के कसूर १ गर्नु फिराद कस्मा २,* भवानी चरण दासका *माला गाँसी लैजाउ सुन्दर, आज दुःखीहरुलाई पार गर,* आदि लोकप्रिय थिए तर आज पर्यन्त रेकर्डींग सुरक्षीत गर्न नसक्दा यि कुराहरु खाली इतिहाँसका पानामा सिमित भए (मुकारुँग, २०७१, पृ.११०-११३) ।

नेपाली कलाकार मेलवा देवी, गँगादत्त पराजुलीको नाम उपशास्त्रीय विधामा अग्रपंत्तिमा लिइन्छ। गँगादत्त पराजुलीले त लखनउका बिन्दादीन महाराजसँग ठुमरी लगायत नृत्य विधाको विधिवत तालीम लिएका थिए (दर्नाल, २०३८, पृ.२८)। यि दुवै गायक गायिकामा ठुमरी टप्पा गायकीको पनि जवरजस्त पकड थियो । पीडादायी प्रवासी जीवनमा मेलवा देवीले गायन गरी कलकत्तामा रेकर्ड गरेको *सवारी मेरो रेलैमा*(दर्नाल, २०३८, पृ.५९) नेपाली सङ्गीतको इतिहासमा उपशास्त्रीय सङ्गीतको एउटा प्रतिनीधि उदाहरण हो त्यस्तो किसिमको गायकी र तैयारी गला नेपाली सङ्गीतमा आज विरलै पाइन्छ । बाध्यताले सदाका लागि आफ्नो देश छोड्नु परेको पीर र कलाकत्तामा पुगेपछि आफ्नो मातृभुमिको सम्झनामा हिज मास्टर्स भ्वाइस रेकर्डिंग कम्पनी तथा मेघाफोन रेकर्ड्स कम्पनी मार्फत मेलवादेवीले

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.
Double Blind Peer Reviewed Research Article

झनपर जान्छु लैलै झन मायाँ लाग्छ बरी लै, सवारी मेरो रेलैमा बोलको गीत रेकर्ड गराइन् (मुकारुँग, २०७१) जुन नेपालको इतिहासमा नेपाली मुलकी महिलाबाट रेकर्ड गरिएको पहिलो गीत मानिन्छ (सायमी, २०६६) यो गीत वि.सं. १९९० को आसपास रेकर्ड गरिएको थियो । भारतको इलाहाबाद सङ्गीत सम्मेलनमा ३ घण्टासम्म एउटै छायाँनट रागमा खयाल गाएर र अन्तमा समापनमा ठुमरी गाएर त्यहाँका ख्यातिलब्ध उस्ताद र सङ्गीत शास्त्रकारहरुबाट ठुमरीकी रानी सम्मानबाट विभुषित (मुकारुँग, २०७१) मेलवादेवीले विभिन्न नेपाली, हिन्दी, बङ्गाली, भोजपुरी, उर्दु,नेवारी आदि भाषाका गीत, ठुमरी समेत गाएकी थिइन् । तत्कालीन समयका पं गँगादत्त पराजुलीको नाम पनि उपशास्त्रीय विधामा उच्चकोटीको गायकको रुपमा लिइन्छ तर उनको कुनैपनि रेकर्ड उपलब्ध नहुनु दुर्भाग्य नै मान्नुपर्छ । अर्को तर्फ नेपालमा कालान्तर देखि सङ्गीतलाई पेशागत रुपमा अँगालेका जाति समुदायहरु गान्धर्व, दमाई, वादी, देवदासी आदिको शैलीगत अभ्यास र वाध्यवादनमा निस्कने कतिपय गीत र धुनका स्वरहरुको विविध उपजयुक्त प्रयोग र शैली कताकता उपशास्त्रीय विधा सन्निकट देखिन्छन् वा भनौं उनीहरु त्यसबाट प्रभावित भएको महसुस गर्न सकिन्छ ।

शास्त्रीय उपशास्त्रीय विधाको व्यक्तिगत र सँस्थागत अभ्यासः

काठमाडौंको डिल्लीबजारमा पद्मकन्या हाईस्कूलको स्थापनासँगै पहिलो औपचारिक संगीत शिक्षा नेपालमा शुरु भयो जहाँ शास्त्रीय तथा उपशास्त्रीय संगीतज्ञ पं. गंगा दत्त पराजुली वि. सं. २००४ सालमा पहिलो सङ्गीत शिक्षकको रूपमा संलग्न थिए (तुलाधर, २०३६, पृ. ७५) । पद्मकन्या स्कूलमा गंगादत्त पराजुलीले १४ वर्ष सङ्गीत शिक्षकको रुपमा निरन्तर सेवा गरेका थिए । उनी अत्यन्त बहुप्रतिभाशाली शास्त्रीय गायक एवं शास्त्रीय नर्तक पनि थिए । उनी ध्रुपद, ख्याल, टप्पा, ठुमरी, तराना गाउँथे र नेपाली भाषामा पनि यी विधाहरू रचना गर्थे । उनले धेरै भारतीय शास्त्रीय संगीतज्ञहरू जस्तै भारतको बिहारका बैधनाथ धामका पं. सीताराम मिश्र (राणा चन्द्र शमशेरको दरवारका सङ्गीत शिक्षक), पटनाका उस्ताद मिट्ठु खान, देवासका राजिव अली खान, हैदर खान र मुम्बईका गणेश विश्वनाथ मारनेरकरबाट शास्त्रीय सङ्गीत शिक्षा ग्रहण गरेका थिए । लखनऊका बिन्दादिन महाराजबाट ठुमरी र कथक नृत्य समेत सिकेका थिए । पछि पराजुलीले वि. सं. २०१६ देखि २०२४ सम्म काठमाडौंको मदन मेमोरियल गर्ल्स हाईस्कूलमा शास्त्रीय सङ्गीत शिक्षण गर्नुका साथै काठमाडौंकै नारी ज्ञान मन्दिर स्कूलमा समेत तीन वर्षसम्म सङ्गीत शिक्षा प्रदान गरे (पाण्डे र अन्य, २०३४, पृ. २८) ।

२००७ साल पश्चातको अवस्थाः

नेपालका एक दिग्गज शास्त्रीय तथा उपशास्त्रीय संगीतज्ञ पं. यज्ञराज शर्मा को अनुरोधलाइ स्वीकार गर्दै वि.सं. २०१२ साल फाल्गुण २३ गते काठमाडौंमा पहिलो संगीत कलेज 'नेपाल संगीत महाविद्यालय' नेपाल संगीत परिषद मातहत रहने गरि खोलिएको थियो । नेपाल संगीत परिषद वि.स. २०११ साल भाद्र महिनामा संगीत शिरोमणी यज्ञराज शर्माकै अध्यक्षतामा गठन भएको थियो (तुलाधर २०३६, पृ.७६) । यस कलेजको शुरुवातसँगै शर्माले नेपालमा शास्त्रीय संगीत शिक्षा प्रवर्धन गर्न ठूलो पहल गर्नुभयो । वहाँ स्वयं उपशास्त्रीय सङ्गीतको समेत ज्ञाता हुनुहन्थ्यो । वहाँ तत्कालीन समयमा शास्त्रीय उपशास्त्रीय सङ्गीतको प्रस्तुति नेपाली भाषामा पनि हुनुपर्छ भनि सधैं चिन्तित हुनुहुन्थ्यो र सोही अभियानमा लाग्नुभएको थियो (प्रधान, २०६२, पृ.४५) । वहाँबाट समेत शास्त्रीय तथा उपशास्त्रीय सङ्गीतको करीव ३ वर्ष शिक्षा लिनुभएका सङ्गीत प्रवीण नरराज ढकाल(प्रधान, २०६२, पृ.४६) जसले आफ्नो जीवनको पहिलो गुरु मेलवादेवीलाई मान्नु हुन्थ्यो (पृ.४६) वहाँद्वारा परम्परागत नेपाली भाषामा रचिएका ठुमरी, दादराहरु आजपर्यन्त चर्चामा छन् जस्तोः राग पहाडीमा दादरा- *साईंलीको आँखामा जादु भरेको,* कजरी-***सावन मासको प्यारो झरी यो,*** राग काफीमा *तिरछी नजरले नहेर मलाई-घुम्टोभित्रै*

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.
Double Blind Peer Reviewed Research Article

निहुरिएर (स्रोत शास्त्रीय गायक प्रभुराज ढकाल), राग पिलुमा *किन हो किन उनीसँग मेरो मन टाँसियो अब के गरुँ* (ढकाल, २०४६, पृ.१५१) वहाँ स्वयंले रचना गरेका उक्त ठुमरीहरु आज पनि नेपाली शास्त्रीय सङ्गीतको क्षेत्रमा श्रद्धाले गाइन्छ ।

तत्कालीन राणाकालीन दरवारहरुमा दैनिक जसो रात्रिकालीन शास्त्रीय उपशास्त्रीय सङ्गीतका जल्साहरु हुन्थे तर सवै कलाकारहरु हिन्दी र उर्दु भाषाका रचनाहरुको गायन, वादन र नृत्य प्रस्तुत गर्नुनै आफुलाई श्रेष्ठ कलाकार सावित गर्ने होडबाजीमा थिए । नेपाली कलाकारहरु प्रतिभा भएर पनि अन्य कलाकारको अपेक्षा केही उपेक्षित थिए । नेपालमा राणा शासनको अन्त्य र प्रजातन्त्रको पहिलो घोषणासँगै वि. स. २००७ साल चैत्र २० गते रेडियो नेपालको स्थापना (पाण्डे र अन्य, २०३४, पृ. १६०) भएसँगै औपचारिक रुपमा संगीतको प्रचार प्रसारको युग सर्वसाधारण माभ्क आरम्भ भयो । राणाकालमा नागरिकहरूले जनस्तरमा कुनै सङ्गीत कार्यक्रम गर्नु त्यति सहज मानिदैन थियो र त्यस्ता गतिविधीहरु प्रायः बर्जित गरिएका थिए । जो राणा परिवार र दरबारसँग नजिक थिए उनीहरूले मात्र दरबारका पण्डित र उस्तादबाट शास्त्रीय तथा उपशास्त्रीय सङ्गीत शिक्षा लिन सक्ने अवस्था विद्यमान थियो । त्यसताका रेडियो नेपालको गीत सङ्गीत प्रसारणको चारैतिरबाट सराहना गरियो र समकालीन शास्त्रीय, उपशास्त्रीय र आधुनिक संगीतको प्रसारणले नेपालको सङ्गीत विधालाई एकीकृत गरी अगाडी बढायो । उदियमान नेपाली शास्त्रीय उपशास्त्रीय एवं आधुनिक विधाका संगीतज्ञहरु आफ्नो प्रतिभा देखाउँदै अगाडी आए । यिनीहरुमा थिए यज्ञराज शर्मा, गंगा दत्त पराजुली, नरराज ढकाल, गणेश लाल श्रेष्ठ, गणेश बहादुर भण्डारी, शम्भु प्रसाद मिश्र, शाम्बदेव सापकोटा, मास्टर रत्नदास प्रकाश, उस्ताद आनंद, उजेली मैयाँ, उदय लाल, उर्मिला कुमारी श्रेष्ठ, उस्ताद खेम चन्द, मिस चंदा देवी, मास्टर जीतू सिंह, ज्वाला प्रसाद, मिस तारा बाई, उस्ताद दल बहादुर, मिस दुलारी, मिस पंचवाला दासी, मिस पारुलबाला, मास्टर पूर्णमान, मिस प्रभा, मिस प्रमिला, उस्ताद बद्री, भबानी चरण दास, मनबीर राणा, मास्टर मित्र सेन, मेलवा देवी, मिस राज्य लक्ष्मी, रूपकुमारी, लक्ष्मी देवी, मिस शांता देवी, सानू माया, उस्ताद साहिला, सेतुराम श्रेष्ठ, मिस सोनी सिंह, मिस हिना देवी, हीरा बाई, रंगराव कादम्बरी, राम प्रसाद राय थारु, सतीशचन्द्र रेग्मी आदि (मुकारुङ्ग २०७१, पृ.२०-२१) ।

राजा त्रिभुवनको शासनकालमा, नेपाली प्रख्यात संगीतज्ञ उस्ताद रामप्रसाद राय थारुले वि. सं २००८ सालमा नेपालको वीरगन्जमा *नेपाल बिहार संगीत सम्मेलन* शीर्षकको सङ्गीत सम्मेलन समेत आयोजना गरेका थिए जसमा नेपाली उस्ताद गणेशलाल श्रेष्ठलाई स्वर्ण पदकबाट सम्मानित गरिएको थियो । लगत्तै दोस्रो वर्ष २००९ मा वीरगन्जमै 'बृहत शास्त्रीय संगीत' शीर्षकको कार्यक्रम भव्यताका साथ राम प्रसाद राय थारुकै अग्रसरतामा आयोजन भएको थियो र यस्ता व्यक्तिगतस्तरमा भएका पहल र आयोजनले नेपालमा शास्त्रीय संगीत विधाको शैलीगत विकास र यसको प्रचारप्रसारमा ठूलो योगदान पुऱ्यायो (आचार्य २०५६, पृ. १४०) । फलस्वरुप सर्वसाधारण मानिसहरुमा यसप्रप्रतिको आकर्षणमा बृद्धि भइ सङ्गीत प्रस्तुति देखि सिक्ने सिकाउने प्रचलन समेत समाजमा बढ्न थाल्यो । यसैगरि वि.सं २०१४ मा स्थापना भएको हालको नेपाल प्रज्ञा प्रतिष्ठान, वि.सं २०१६ मा स्थापना भएको हालको साँस्कृतिक सँस्थान, वि.सं २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालय र यसका सङ्गीत अध्यापन गराउने आँगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरु, वि.सं २०२० मा स्थापना भएको हालको ईन्दिरा कलानिधि सङ्गीत महाविद्यालय लगायत अन्य तत्कालीन समयमा खुलेका निजीस्तरका नेपालभरी रहेका शास्त्रीय तथा लोक, सुगम सङ्गीत प्रशिक्षण केन्द्रहरुको विद्यार्थीहरुमा प्रदान गरिने तालीमबाट प्रत्यक्ष परोक्षरुपमा उपशास्त्रीय विधा प्रतिको आकर्षण र जगेर्नामा ठुलो योगदान पुगेको छ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.
Double Blind Peer Reviewed Research Article

वर्तमान अवस्था तथा व्याख्या विश्लेषणः

त्रिभुवन विश्वविद्यालय, ललितकला केन्द्रीय विभागको स्नातकोत्तर कार्यक्रमको सुरुवातको पाठ्यक्रममा अलग्गै कोडमा वि.स. २०६६।२०६७ मा उपशास्त्रीय सङ्गीतको समेत पठनपाठन (हाल त्रिवि ललितकला क्याम्पसमा सह प्राध्यापकको रुपमा कार्यरत डा.रमेश पोखरेलले पाठ्यक्रम निर्माणमा गरेको अथक प्रयासमा) विधिवत प्रारम्भ भएसँगै यस विधाको यथेष्ट जानकारी र अभ्यास प्राज्ञिक क्षेत्रमा हुन थाल्यो । परीक्षामा विद्यार्थीहरुले शास्त्रीय सङ्गीतको प्रस्तुति पछि अनिवार्य उपशास्त्रीय विधामा आधारित रचनाको प्रस्तुति गर्नुपर्ने पाठ्यक्रमको मर्म अनुसार विद्यार्थी र शिक्षकहरुले यस विधा प्रतिको ज्ञानको खोजी गर्ने परिपाटी सुरुभयो । हुन त स्नातक पाठ्यक्रममा पनि त्यसभन्दा पहिले मञ्च प्रस्तुतीको समाप्तीमा उपशास्त्रीय विधाको गायन, वादन गर्नुपर्ने व्यवस्था थियो तर बाध्यात्मक थिएन । अधिकांश पाठ्यक्रम निर्माण गरिने विषयवस्तुहरु जसले निर्माण गर्यो , उ कुन कुन कुरामा विज्ञ छ ? सोही कुरालाइ महत्व दिने र राख्ने परिपाटी पहिलेका दिनमा व्याप्त थियो र अझैपनि त्यो परम्परा अद्यावधि कायमै छ । तर हुनु पर्ने चैं अहिलेको पुर्विय शास्त्रीय सङ्गीत र मुलभूत लोक, सुगम सङ्गीतमा सिकाउनको लागि चाहिने आवश्यक विषयवस्तु के के हुन्? त्यस्को निराकरण हुनु सर्वप्रथम जरुरी छ । यदि विद्यार्थीलाइ समुल रुपमा शास्त्रीय, उपशास्त्रीय र लोक सङ्गीतको उत्कृष्ट किसिमको तालीम र ज्ञान दिन सकियो भने सङ्गीतभित्रको अपार सिर्जनात्मक ज्ञानले उ भरिपुर्ण हुन्छ र उ पनि नयाँ सिर्जना गर्न सक्षम हुन्छ । जबसम्म एक एक सुरमा सङ्गीतज्ञ घण्टौं खेल्न सक्दैन उसको ज्ञान अपुरै हुन्छ साँचो अर्थमा । उपशास्त्रीय सङ्गीतको गहन विशेषता नै यही हो । शास्त्रीय सङ्गीत र लोक, सुगम सङ्गीतको गहन अध्ययन नभै उपशास्त्रीय सङ्गीतको अव्वल गायक, वादक बन्न सम्भव नै हुँदैन । पहिले शाहकालीन र राणाकालीन दरवारमा र त्यसको पेरिफेरीमा सहि शास्त्रीय सङ्गीतको तालीमको प्रभाव स्वरुप त्यतिबेलाको गायकी र वादकीमा उपशास्त्रीय छनक यथेष्ट देख्न सकिन्थ्यो ।

विशेषगरी वि.सं. २०४६ र वि.सं २०६२-६३ को परिवर्तन पुर्व सम्म काठमाण्डौका केही निश्चित (सिमित) व्यक्तिहरुमा मात्र सिमित रहेको शास्त्रीय सङ्गीत विशेषगरि गायन भन्दा पनि वादन तर्फ केही नेपालस्थित विदेशी दुतावास र विदेशस्थित मञ्चहरुमा कलाकारहरुकै व्यक्तिगत पहलमा विभिन्न समुह बनाएर हुने चलनले केही हदसम्म नेपाली शास्त्रीय र लोक सङ्गीतको प्रचार प्रसार भएको थियो । ति प्रस्तुतीहरुमा कलाकारले जानेर होस या अन्जानमा शास्त्रीय र लोक धुनलाइ मिश्रित गरि बजाउने चलन यद्यपी आज पर्यन्त काठमाण्डौ उपत्यकाका मञ्चहरुमा देख्न र सुन्न सकिन्छ । दुवै विधाको मिश्रित रुप नै उपशास्त्रीय सङ्गीत हो । हाम्रा पुर्वज सङ्गीतज्ञहरु कतिपयले त्यसको विधि या प्रणाली शैलीलाइ हुवहु पालना गरेर गायन वादन गरे भने कतिपयले सिर्जना गर्न रुचाउने उपशास्त्रीयको मर्म (कर्म) र अङ्ग पनि पुर्‍याए जस्तो गर्ने तर त्यसको सहि विधि पालना गर्न चैं चुक्ने यसमा शायद सही तालीम कै कमि हुनुपर्छ ।

तर पछिल्लो दशकमा डिजिटल युगको सुरुवात भएसँगै सिक्न चाहने विद्यार्थीले देश वा विदेशको जुनसुकै ठाउँमा रहेका सही तालीम प्राप्त गुरुहरुसँग शास्त्रीय तथा उपशास्त्रीय विधाको विधिवत् अनलाइन प्रयोगात्मक तालीम र शिक्षा लिइरहेको उनीहरुको प्रस्तुतिबाट देख्न सकिन्छ । सिक्न इच्छुक विद्यार्थीहरु देशका विभिन्न ठाउँमा उपलब्ध हुने र काठमाण्डौस्थित सङ्गीत तालीम केन्दहरुमा प्रशिक्षण लिइरहेका र अझ उच्च किसिमको बारिकीयुक्त उस्ताद, गुरुसँग ज्ञान लिन छिमेकी मुलुक भारततिर समेत अध्ययनरत रहेको पाइन्छ जसबाट नेपाली भाषामा उपशास्त्रीय विधाको गायकी तथा वादकी आउने दिनहरुमा बलियो र दरिलो हुँदै जाने अनुमान लगाउन गार्‌हो पर्दैन् । नेपालमा सङ्गीत विषयमा स्नातकोत्तर तहको अध्ययन अध्यापन नहुँदा सम्म र भएका स्नातक तह पनि काठमाण्डौ

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.
Double Blind Peer Reviewed Research Article

केन्द्रित हुँदा त्यसले नेपालभरीको सङ्गीत अध्ययन गर्ने चाहनालाइ सन्तुष्ट पार्न नसकेको अवस्थामा धेरै नेपाली विद्यार्थीहरु बाध्यताबस भारतको बनारस, लखनउ, कोलकाता, दिल्ली, खैरागढ लगायत ठाउँहरुमा विधिवत् स्नातकोत्तर र विद्यावारिधि सम्मको शिक्षा ग्रहण गरि नेपाल फर्किएर आ आफ्नो क्षेत्रमा हाल नेपाली विद्यार्थीहरुलाइ सङ्गीत प्रशिक्षण मार्फत ठुलो योगदान पुर्‍याइरहेको अवस्था छ । उपशास्त्रीय विधा मजवुत हुनको लागि शास्त्रीय सङ्गीतको सही तालीम एकदमै जरुरी रहेको परिप्रेक्षमा आउने भविष्यका लागि पछिल्ला कदमहरु एकदमै सकारात्मक देखा परेका छन् । पहिलेको अवस्थामा परिवारबाट सङ्गीत शिक्षाको लागि साना नानीहरुलाई नलगाउने र विग्रन्छन् भन्ने परिपाटी अहिले बदलिएको छ । काठमाण्डौ लगायत नेपालका अन्य स्थानमा पनि शास्त्रीय सङ्गीतका कार्यक्रमहरु हुन थालेका छन् । शास्त्रीय सङ्गीतका मञ्च प्रस्तुतिहरुमा कार्यक्रमको अन्त्यमा प्रायः हरेक गायक, वादक नृत्यकारले उपशास्त्रीय सङ्गीत विधाको प्रस्तुति गर्नथालेका छन् जुन उपशास्त्रीय सङ्गीत विधाको विकास र प्रगतिमा राम्रो सुचकको रुपमा मान्नुपर्छ । यस विधाको तालीमको लागि विशेष गुरुको आवश्यक्ता पर्ने हुँदा छिमेकी मुलुक भारत गई सिक्ने परिपाटीमा केही हदसम्म हाल कमि आएको छ कारण उक्त ज्ञान र बारिकी नेपालकै कतिपय गुरुहरुमा हुनु पनि यस विधाको भविष्य सुन्दर रहेको सङ्केत गर्छ । यस विधाको सिकाई अत्यन्त जरुरी किन पनि छ भने उपशास्त्रीय विधाको गायकी र यसमा तैयारी गला र वादनमा पनि गायकी अङ्गको सौन्दर्यात्मक र लालित्यपूर्ण अन्दाजमा एक एक स्वर विस्तार गर्ने सहि तालीमले पुर्विय सङ्गीतको सिर्जनशील कलामा निपुर्णतातिर गायक, वादक, सङ्गीत सर्जकलाई लैजान्छ र स्रोता, दर्शकले पनि विविधताको अनुभूति गर्न सक्छन् जुन नेपाली सङ्गीत उद्योगमा खट्कीएको एकदमै ज्वलन्त समस्या हो । उदाहरणको लागि आज नेपालमा बाँसुरी, सितार, इसराज, भाइलिन, लगायतमा उपशास्त्रीय विधाको वादन गर्ने परिपाटी एकदमै गहिरिएर गएको छ तर सोही अनुपातमा हाम्रा नेपाली सारङ्गी, शहनाई लगायतका केही अपवाद वाहेक उपशास्त्रीय विधाको वादन गर्ने र सिक्ने चलन नहुनु र ति वाद्ययन्त्रमा खाली दुइ चार वटा नेपाली लोकधुन मात्र बजाइनुले उक्त वाद्यभित्रको अपार सिर्जनशिलताको खुबी, क्षमता र अवसर खुम्चिएको हामीले सहजै अनुमान लगाउन सक्छौं ।

उपशास्त्रीय सङ्गीतका चुनौतीहरुः

पछिल्लो समय उपशास्त्रीय विधा अन्तर्गतको गजल गायनमा केही गर्ने जमर्को बोकी सङ्गीतको विधिवत अध्ययन गरि केही युवा पिंढीका कलाकार देखापरिरहेको अवस्था छ । तर यथेष्ट मात्रामा उपशास्त्रीय विधाको सही तालीम प्राप्त नभई अपेक्षा गरे अनुरुपको परिणाम प्राप्त नभइरहेको अवस्था नेपाली समाजमा विद्यमान छ । यसैगरि ठुमरी, दादरा,चैती, होली, कजरी, टप्पाको लागि विशेष किसिमको तालीम, प्रोत्साहन, व्यावसायिक सुनिश्चितता जरुरी हुन्छ । ध्रुपद अङ्ग, खयाल अङ्गको र न्युनरुपमा उपशास्त्रीय गायनवादनको तालीम काठमाण्डौस्थित सिमित क्याम्पसहरुमा, साँस्कृतिक सँस्थानले आयोजन गर्ने ६ महिने प्रशिक्षण कार्यक्रम र निजीस्तरमा खुलेका व्यक्तिगत र सँस्थागत प्रशिक्षण केन्द्रहरुमा भइरहेको तर विशुद्ध उपशास्त्रीय प्रशिक्षण कुनै निकायमा गुरुशिष्य परम्परामा अभ्यास नभइरहेको अवस्था छ । सहि किसिमको तालीम लिने र दिने सँस्कारको कमि, समाजिक प्रोत्साहन र अवसरको कमी, राज्यको केन्द्र र स्थानियस्तरको सही दृष्टिकोणमा कमी, नीति निर्माण तहमा व्याप्त अनुत्पादक क्षेत्र भएको भ्रम, सहि किसिमले तालीम दिने गुरुहरुको कमी, व्यावसायिक सुनिश्चितताको ग्यारेण्टी नहुनु र स्वयं विद्यार्थीमा मेहनत गर्ने र नयाँ नवीन कुरा सिक्ने सिर्जना गर्ने भन्दा पनि अरुको सिर्जनामा रमाउने र अरुकै आविष्कारमा आनन्द लिने कपि र पेष्ट प्रवृत्ति र नेपालीहरुमा व्यक्तिगत र सँस्थागत जन्मदेखि मृत्यु पर्यन्तका हरेक संस्कार, उत्सव, समारोहमा यस्ता

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.
Double Blind Peer Reviewed Research Article

विधामा साधनारत कलाकारहरुको प्रस्तुतिलाइ व्यावसायिक आयाम दिने प्रवृत्तिमा कमी, नेपाली धनाढ्य वर्गमा सामाजिक र साँस्कृतिक उत्तरदायित्व महसुस गरि कार्यक्रम आयोजन गर्ने मनको कमी आदि चुनौतीहरु विद्यमान छन् ।

रणनितिहरुः

नेपालको परिवेशमा शास्त्रीय र उपशास्त्रीय सङ्गीतको जरा मजबुत हुनु भनेको समग्र नेपाली सङ्गीतका जरा मजवुत हुनु हो भन्ने कुरा नीति निर्माण तहमा बस्ने हरेकले बुझ्न जरुरी छ । यो नेपाली सङ्गीत होइन विदेशी सङ्गीत विधालाइ किन खर्च गरेर मलजल गर्नुपर्यो भन्ने भाष्यलाई सर्वप्रथम सबै मिलेर चिर्नु जरुरी छ । हाम्रो कालीगण्डकीमा खेर गइरहेका शालिग्रामलाइ लगेर छिमेकी मुलुकका कतिपय धर्मावलम्वीले पुजन गरेर मात्र खाना खाने, हाम्रो हिमालबाट बग्ने पानी छिमेकी मुलुकमा गई पवित्र गँगा हुने, हाम्रो विशाल हिमालय पर्वत श्रृँखला संसारभरको पवित्र धार्मिकस्थल र सनातन धर्मावलम्वीहरुको आस्थाका केन्द्र भगवान शिव र पार्वतीको वासस्थान हुने अनि उनैबाट निश्रृत भएको मानिने पुर्विय सङ्गीत चैं तेरो र मेरो भनि कित्ताकाट गर्ने कतिपयमा गलत मानसिकता व्याप्त छ । तर आम जनभावना चैं तेरो मेरो नभनी अन्य भाषाका सुन्दर सङ्गीत सिर्जनामा पनि रमाउने प्रवृति बढ्दो छ । न हाम्रो पशुपतिनाथ, मुक्तिनाथ जस्तो आस्थागत साझा सम्पदामा हामी विभेद गर्न सक्छौं न त छिमेकी राष्ट्रले त्याहाँका विश्वनाथ, वृन्दावनमा जाने नेपाली सनातन धर्मावलम्बीको अधिकारलाई निषेधित गर्न सक्छन् । अतः पुर्विय शास्त्रीय उपशास्त्रीय सङ्गीत हाम्र साझा सम्पदा हुन र यसमा साझेदारीकै हिसावले विकास गर्ने हाम्रो सरकारी रणनीति हुनुपर्छ । शाहकालीन र राणाकालीन दरवारहरुमा छिमेकी राष्ट्रहरुबाट भित्रिएका दिग्गज कलाकारहरुलाई गरिएको व्यावसायिक व्यवस्थापन र प्रोत्साहनले नेपाली शास्त्रीय, उपशास्त्रीय सङ्गीतको श्रीवृद्धि र आजको जग बसाईदिन ठूलो योगदान छ ।

कुनै समयकी पहिलो नेपाली गीत रेकर्ड गर्ने प्रथम महिला गायिका मेलवा देवीको नेपालमा मात्र नाम थिएन अपितु हिन्दुस्थानमा पनि उच्च नाम सम्मान भएको हाम्रो सङ्गीत इतिहाँस साक्षी छ । मेलवा देवी त्यसै मेलवा देवी बनेकी हैनन् त्यसको लागि चन्द्र शमशेरले राज्यस्तरबाट ठुलो लगानी गरि प्रो. वाला प्रसाद जस्ता शास्त्रीय तथा उपशास्त्रीय सङ्गीतका धुरन्धर विद्धानलाई तत्कालीन समयमा भारतबाट बोलाई दरवारमा नेपाली नानीहरुलाइ सङ्गीत सिकाउने व्यवस्था गरेका थिए । तराईमा करीब ५०० विघा जमीन प्रो. बाला प्रसादलाई बक्शीस दिनु चन्द्र शमशेरको सङ्गीत गुरु प्रतिको ठुलो श्रद्धा र सम्मान बुझ्नु पर्छ (मुकारुँग, २०७१, पृ.८५) अहिलेका राज्यका रणनितिकारहरुले । जुन समाजमा सङ्गीत, साहित्य र त्यसका सर्जक कलाकारका सुन्दर सिर्जनाहरुको सम्मान हुन्छ त्यो समाज अत्यन्त सुसँस्कृत भएर जान्छ । भन्नुको तात्पर्य हरेक राज्यका विशेषगरि सङ्गीतकलाको सँरक्षणको जिम्मा लिएका सरकारी तथा गैरसरकारी सँस्थाहरुको सोच केही गरौं भनि लागिपर्ने हुनु पर्‍यो । सङ्गीतको सहि साधना, लेखन, अनुसन्धान, तालीम, सिर्जनशिलता, व्यावसायिकता, उत्कृष्ट अन्तर्राष्ट्रियस्तरको प्रस्तुतीको लागि आवश्यक सम्पुर्ण वातावरण र सङ्गीतका समग्र विधागत ज्ञानका साथ कलाकारहरुलाइ र तिनले गरेका सिर्जनालाई प्रोत्साहन गर्ने परिपाटी हुने वित्तिकै समग्र सङ्गीतको विकास हुन जान्छ जुन पछिल्लो समय केही राम्रा सङ्केतहरु देखापर्न थालेका छन् । नेपालीहरुमा नेपाली गीतसङ्गीतमा रमाउने बानी र माया गर्ने सँस्कृतिको सुरुवात भएको छ । राज्यको सांस्कृतिक विरासत र सभ्यता जगेर्ना प्रयोजनार्थ गठन भएका सम्पूर्ण सरकारी र गैरसरकारी निकायहरु आफ्नो उदेश्यमा इमान्दार हुने र सतत् प्रयत्न गर्ने वित्तिकै समग्र सङ्गीत क्षेत्रले आफ्नो गर्विलो इतिहास बोक्न र त्यसको पृष्ठभूमि जोगाएर नयाँ परिवेश र चुनौतीलाई हाँक्न सक्ने कुरामा दुई मत हुन सक्दैन ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

निष्कर्ष:

नेपालमा शास्त्रीय तथा उपशास्त्रीय सङ्गीतको प्रयोग र प्रचलन भरतको नाट्यशास्त्रीय परम्परामा मल्लकालमै भएको यथेष्ट प्रमाणहरु स्वयं मल्ल राजाहरुनै सङ्गीतज्ञ, कवि, नाटककार, सङ्गीत पुस्तकका लेखक तथा वाग्यकार हुनुले प्रमाणित गर्छ । पछिल्लो कडीमा, उपशास्त्रीय सङ्गीत विधाको गायन, वादन र नृत्य परम्परा उत्तर भारतिय भुखण्डबाट तत्कालीन शाह र राणाकालीन सरकारी उच्च निकायबाट आमन्त्रण गरिएका कतिपय उच्चस्तरिय सङ्गीतज्ञ र कलावन्त रोजगारीको सिलसिलामा नेपाली दरवारहरुमा आएका कलाकारहरु र तिनीहरुबाट तालीम प्राप्त प्रशिक्षित नेपाली कलाकारहरुबाट अघि बढिरहेको नेपाली सङ्गीतको अनुसन्धान गर्ने जो कोहीले पनि तथ्य सहितको पूर्वकार्यको समीक्षाबाट जानकारी हासिल गर्न सक्छ । उपशास्त्रीय विधा अन्तर्गतको गजल गायन हाल पनि लोकप्रिय अवस्थामा चलिरहेको तर उक्त विधाको गायकी र वादकी पक्षको मूलभूत तरिकामा अझै पनि नेपाली सङ्गीतले मेसो पाउन नसकेको र कता कता पुरानो सम्बृद्ध परम्परा बिचमा टुटेर पुनः मेसो समाउन खोज्दै गरेको अवस्था पछिल्लो समय सङ्गीत क्षेत्रमा देख्न सकिन्छ । ठुमरी, टप्पा, कजरी, होली, दादरा लगायतका उपशास्त्रीय विधाको गायकीको लागि शास्त्रीय सङ्गीतमा र सुगम लोक सङ्गीतमा अभ्यस्त आवाज र वादकी जरुरी रहेको र त्यो किसिमको उच्चस्तरको उचित गुरुको मार्ग निर्देशनमा गरिने साधना, सही तालीम र सिक्ने व्यक्तिमा धैर्यता, सामाजिक र पारिवारिक प्रोत्साहन नितान्त आवश्यक हुन्छ । प्रतिनिधि उदाहरणको रुपमा त्यसवेला दुरदराज पुर्वी नेपालको ओखलढुङ्गा बस्ने सानी नानी जसलाई सही तालीम उपलब्ध गराउँदा र वातावरण र प्रोत्साहन प्रदान गर्दा मेलवादेवीको गला, गायकी, तैयारी र उनको तत्कालीन र आजपर्यन्तको नेपाली सङ्गीतको उँचाइ, हामी अनुमान लगाउन सक्छौं । त्यस्तो किसिमको गीत रेकर्डिग गर्ने उचित अवसर अन्य तत्कालीन कलाकारहरुले पाएको भए नेपाली उपशास्त्रीय सङ्गीतको समृद्ध परम्परा आज छिमेकी मुलुकसँगै वा त्यो भन्दा माथि गर्व गर्न लायक हुन्थ्यो । सन् १९४७ अघिको तत्कालीन भारतका अलग अलग देशहरुमा राजाश्रय पाइरहेका दिग्गज कलाकारहरुलाई ब्रिटीशहरुको एकिकरणसँगै राजाश्रयबाट बिमुख भई रोजगारीको लागि भौँतारिनु परेको अवस्थामा नेपालको शाह र राणा दरवारले उनीहरुलाइ संरक्षण गरि शास्त्रीय तथा उपशास्त्रीय सङ्गीतको विरासतलाई जोगाउन खेलेको भुमिका प्रशंसा योग्य थियो तथापी शास्त्रीय उपशास्त्रीय सङ्गीतको त्यस्तो विरासत पाउँदा पनि नेपालमा सन्तोषजनक रुपमा उपशास्त्रीय सङ्गीतको विकास यथेष्ट रुपमा जति हुनुपर्ने त्यती भएको भने पाइदैन । सङ्गीतमा लाग्ने अधिकांशमा यो नेपालको परम्परा होइन र यो विधा सिक्नु जरुरी छैन भन्ने भ्रम सहितको चुनौती रहेको तर पछिल्लो पुस्ताले त्यसको महत्व र प्रयोगधर्मिता बुझ्दै गएको महशुस गर्न सकिन्छ । अतः सोको लागि विद्यालय र विश्वविद्यालयस्तरका पाठ्यपुस्तकमा पठनपाठनयुक्त तालीम सँस्कृतिको विकास, प्रस्तुतीकरणका मञ्चहरुको वृद्धि, नेपाल साँस्कृतिक सँस्थान, सम्बन्धीत प्रज्ञाप्रतिष्ठान लगायत सँस्थाहरुको सकारात्मक निती निर्माण पहल सँगसँगै, त्यस्तो किसिमको विधाको श्रव्यदृष्य र समुल प्रयोगधर्मितामा सरोकारवाला व्यक्ति तथा निकायहरुले ध्यान पुर्‍याउनु जरुरी देखिन्छ । साथै सङ्गीत सिर्जनासँगै गायन, वादन, तथा नृत्य कर्ममा लाग्ने कलाकारले विधिवत तालीम-सिकाई अवलम्बन गर्नु जरुरी देखिन्छ ।

सन्दर्भ ग्रन्थ सूची :

आचार्य, श्रीराम (२०५६) *संगीतामृत प्रथमाहुती (दोस्रो संस्करण),* काठमाण्डौ : संगीतामृत प्रकाशन समिति
आचार्य, श्रीराम (२०७०) *सङ्गीतामृत तृतियाहुती (पहिलो संस्करण),* काठमाण्डौः सङ्गीतामृत प्रकाशन
गर्ग-बसन्त, प्रभुलाल (सन् १९९९) *सङ्गीत विशारद,* हाथरस-उत्तरप्रदेशः सङ्गीत कार्यालय हाथरस
तुलाधर, बुद्धरत्न (२०३६) *संगीत साधन (भाग २),* काठमाण्डौं : त्रिवि पाठ्यक्रम विकास केन्द्र

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.
Double Blind Peer Reviewed Research Article

दर्नाल, राम शरण (२०३८) *नेपालका संगीत साधक,* काठमाण्डौ : नेपाल राजकिय प्रज्ञा-प्रतिष्ठान

दर्नाल, रामशरण (२०६१) *गायनशैली,* काठमाण्डौः साफ्ता प्रकाशन ।

प्रधान, सकुन्तला (२०६२) *सङ्गीत सोपान* (दोस्रो भाग), काठमाण्डौः भुँडी पुराण प्रकाशन्

पाण्डे, इन्दीरा र अन्य (२०३४) *संगीताञ्जली,* काठमाण्डौ : श्री पाण्डे, रक्तकाली

मिश्र, ज्ञानेन्द्र कुमार (सन् २०१५) *बनारस गायन परम्परा की शास्त्रीय एवँ उपशास्त्रीय बँदिशें कतिपय विशिष्ट सङ्गीतज्ञों कि रचनाओं का विष्लेशणात्मक अध्ययन्* , भारतः अप्रकाशीत शोधप्रबन्ध, बनारस हिन्दू युनिवर्सिटी(http://hdl.handle.net/10603/475810)

मुकारुङ्ग, बुलु (२०७१) *नेपाली संगीतको अभिलेख,* काठमाण्डौ : पाल्पा बुक्स पब्लीकेसन्स

रेग्मी, ध्रुवेशचन्द्र (२०८०). *नेपाली सङ्गीत दरबार(आदिकाल देखि आधुनिककाल सम्म)*.काठमाण्डौः बुकहिल पब्लीकेसन।

Regmi, D.C. (2003) *The history of music in Nepal with special reference to classical music during the Rana period (1846-1950 A.D.) :* University of Delhi, India, Unpublished Ph.D.Thesis

पोखरेल, रमेश (सन्2025) *मेलवादेवी र उनको गायकीमा श्रृँगार रस.* Journal of Fine Arts Campus, 6(1). 7-12. https://doi.org/10.3126/jfac.v6i1.76083

Pokharel, R. (2019) *classical music in the Shah and Rana era:1768-1951 A.D.* Sirjana (a journal on arts and art education): Kathmandu, Sirjana College of Fine Arts, 6, 62-71

सायमी, प्रकाश (२०६६) *नेपाली सङ्गीतको एक सतकः काठमाण्डौ,* भावक अभियान, नेपाल ।

(**नोटः** नेपाल साँस्कृतिक सँस्थान, जमलमा कार्यपत्र प्रयोजनार्थ मितिः २०८२।०२।१२ मा प्रस्तुत गरिएको)

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com